# वचन

खीष्टशास्त्र
सम्बन्धी
लिगोनियरको
बयान

# देहधारी

# हुनुभयो

# वचन देहधारी हुनुभयो

ख्रीष्टशास्त्र सम्बन्धी
लिगोनियरको
बयान

लिगोनियर मिनिस्ट्रीज्

The Word Made Flesh: The Ligonier Statement on Christology
Copyright © 2016 by Ligonier Ministries
Second edition, third printing
Published by Ligonier Ministries
421 Ligonier Court, Sanford, FL 32771
Ligonier.org | ChristologyStatement.com
ISBN: 9781567698145

वचन देहधारी हुनुभयोः ख्रीष्टशास्त्र सम्बन्धी लिगोनियरको बयानको नेपाली

अनुवाद “गोस्पल पब्लिकेशन” द्वारा लिगोनियर

मिनिस्ट्रीज् को लागि गरिएको हो ।

पहिलो नपाली प्रकाशन 2021।

सबै बाइबल उद्धरणहरू NNRV बाइबलबाट लिइएको छ ।

# प्रास्तवना

येशू को हुनुहुन्छ ? लगभग सबै वयस्क व्यक्तिले येशूको बारेमा केही धारणा बनाएको हुन्छ । यी विचारहरू सम्भवतः सतही, अनभिज्ञ, वा पूर्णरूपमा झूटो पनि हुन सक्छन् । येशूबारे सत्यताले, केवल विचारहरूले होइन, सरोकार राख्दछ'र यसले अनन्तकालसम्म सरोकार राख्दछ ।

खीष्टियान नाउँ धारण गर्नेहरूले खीष्टलाई उहाँको चेलहारूको रूपमा पछ्याएको दाबी गर्दछन् । तिनीहरूले खीष्टबारे तिनीहरूको दृष्टिकोण झल्काउँने खीष्टशास्त्र, अर्थात् खीष्ट सम्बन्धी सिद्धान्त लिन्छन् । यो खीष्टशास्त्र अस्पष्ट रूपमा वा स्पष्ट रूपमा अभिव्यक्त गर्न सकिन्छ । यसले बाइबलीय प्रकाशको गहिराई र पवित्रशास्त्र सम्बन्धी ऐतिहासिक खीष्टियान विचारलाई प्रतिनिधित्व गर्न सक्छ, यो असामान्य र परमेश्वरको वचनसँग असंगत हुन सक्छ । तर आफैलाई खीष्टियान दाबी गर्ने कुनै व्यक्तिसँग खीष्टशास्त्रको अभाव हुँदैन ।

खीष्टलाई अनुसरण गर्ने कुरा खीष्टियानमतको केन्द्र भएको कारण, चर्चले हाम्रा कल्पनाहरूको खीष्ट होइन, तर इतिहास र धर्मशास्त्रको खीष्ट घोषणा गर्न शताब्दीऔदेखि मेहनत गरिरहेको छ । नाइसीनको विश्वासको सार, काल्सीडनको परिभाषा, हाईडलबर्ग प्रश्नोत्तर, र वेस्टमिन्स्टर स्वीकारोक्ति जस्ता विश्वासका ऐतिहासिक अभिव्यक्तिहरूमा खीष्टियानहरूले खीष्ट सम्बन्धी बाइबलीय शिक्षा प्रस्तुत गरेका छन् ।

आज यी बयानहरूलाई प्रायः अवहेलना गरिन्छन् र गलत अर्थ लगाइन्छन्, जसको परिणामस्वरूप खीष्टको व्यक्तित्व र कार्यको विषयमा व्यापक भ्रम पैदा हुँदछ । खीष्टको महिमा र उहाँका जनहरूको निर्माणको लागि, खीष्टशास्त्र सम्बन्धी लिगोनियरको बयानले खीष्टियान चर्चको ऐतिहासिक, शास्त्रसम्मत, बाइबलीय खीष्टशास्त्रलाई एक यस्तो रूपमा संक्षिप्त बनाउने कोशिस गर्दछ जुन स्वीकार्न सजिलो, चर्चको स्थिर विश्वासलाई सिकाउन सहयोगी, र एक यस्तो साझा स्वीकारोक्तिको रूपमा सेवा गर्न सक्षम हुन्छ, जसको वरिपरि विभिन्न चर्चका विश्वासीहरू मिशनको लागि सँगै काम गर्न सक्छन् । यो अभिव्यक्ति चर्चको ऐतिहासिक विश्वासको सार र स्वीकारोक्तिको प्रतिस्थापन नभएर एउटा यस्तो पूरक हो जसले खीष्ट को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भन्ने विषयमा उनीहरूको सामूहिक शिक्षालाई व्यक्त गर्दछ । खीष्टले यसलाई आफ्नो राज्यको लागि प्रयोग गरून् ।

परमेश्वरको देहधारी पुत्र, हाम्रा आगमवक्ता, पूजाहारी, र रााजाको नाउँमा,

आर, सी, स्प्रोल

वसन्त २०१६

हामी परमेश्वर देहधारी हुनुभएको
रहस्य र आश्चर्यलाई स्वीकार गर्दछौं
र हाम्रा प्रभु येशू ख्रीष्टद्वारा
हाम्रा महान् मुक्तिमा आनन्द गर्दछौं ।

पिता र पवित्र आत्मासँग,
पुत्रले सबै कुरा सृष्टि गर्नुभयो,
सबै कुरा सम्हाल्नुहुन्छ,
र सबै कुरा नयाँ बनाउनुहुन्छ ।
वास्तवमा परमेश्वर,
उहाँ वास्तवमै मानिस बन्नुभयो,
एक व्यक्तिमा दुई स्वभाव ।

उहाँ कन्य मरियमदेखि जन्मनुभयो
र हाम्रा बीचमा वास गर्नुभयो ।
क्रूसमा टाँगिनुभयो, मर्नुभयो, र गाडिनुभयो,
र उहाँ तेस्रो दिनमा जीवित भई उठ्नुभयो,
स्वर्गमा उचालिनुभयो,
र महिमा र न्यायमा
पुनः आउनुहुनेछ ।

हाम्रो निम्ति,
उहाँले व्यवस्था पूरा गर्नुभयो,
पापको प्रयाश्चित गर्नुभयो,
र परमेश्वरको क्रोध साम्य पार्नुभयो ।
उहाँले हाम्रा फोहोर झुत्रा लिनुभयो
र आफ्नो धार्मिक वस्त्र
हामीलाई दिनुभयो ।

उहाँ हाम्रा अगमवक्ता, पूजाहारी, र राजा हुहुनुहुन्छ,
जसले आफ्नो चर्च निर्माण गर्नुहुँदैछ,
जसले हाम्रो लागि मध्यस्थता गर्नुहुँदैछ,
र जसले सबैमाथि शासन गर्नुहुँदैछ ।

येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ;
हामी उहाँको पवित्र नाउँको सदासर्वदा प्रशंसा गर्दछौं ।

आमेन ।

# स्वीकारहरू
# र
# अस्वीकारहरू

पवित्रशास्त्रका

प्रमाणहरू

सहित

अनुच्छेद १ हामी स्वीकार गर्दछौं कि इतिहासमा येशू, परमेश्वरको अनन्त पुत्रको देहधारी स्वरुप हुनुहुन्छ, जो पवित्र त्रिएक परमेश्वरको दोस्रो व्यक्तित्व हुनुहुन्छ । उहाँ परमेश्वरले प्रतिज्ञा गर्नुभएको मसीह, खीष्ट हुनुहुन्छ ।[१]

हामी अस्वीकार गर्दछौं कि येशू खीष्ट एक साधारण मानिस वा प्रारम्भिक खीष्टियान चर्चको काल्पनिक सृष्टि हुनुहुन्छ ।

अनुच्छेद २ हामी स्वीकार गर्दछौं कि परमेश्वरत्वको एकतामा अनन्तका एकमात्र पुत्र, पिता र पवित्र आत्मासँग एकतत्व (होमोऊसिओस), एक समान, र सहशाश्वत (सनातन) हुनुहुन्छ ।[२]

हामी अस्वीकार गर्दछौं कि पुत्र केवल परमेश्वर जस्तो (होमोईऊसिओस) हुनुहुन्छ, वा उहाँ पिताद्वारा केवल धर्मपुत्रको रूपमा ग्रहण गरिनुभएको थियो । हामी सत्ताशास्त्रीय त्रिएकत्वमा पिताप्रति पुत्रको अनन्त अधीनतालाई अस्वीकार गर्दछौं ।

अनुच्छेद ३ हामी स्वीकार गर्दछौं, नाइसीन र काल्सीडनको विश्वासको सारकासाथ, कि येशू खीष्ट वास्तवमै परमेश्वर र मानिस हुनुहुन्छ, दुई स्वभाव एक व्यक्तिमा सदाको लागि एकीकृत छन् ।[३]

हामी अस्वीकार गर्दछौं कि पुत्रलाई सृष्टि गरिएको थियो ।

१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो. . . . अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो (यूहन्ना १:१, १४) । यो पनि हेर्नुहोस् : भजानसंग्रह ११०:१; मत्ती ३:१७; ८:२९; १६:१६; मर्कूस १:१, ११; १५:३९; लूका २२:७०; यूहन्ना ४:२५-२६; प्रेरित ५:४२; ९:२२; गलाती ४:४; फिलिप्पी २:६; कलस्सी २:९; हिब्रू ५:७; १ यूहन्ना ५:२०) ।

२ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ (मत्ती २८:१९)। यो पनि हेर्नुहोस् : यूहन्ना १:१८; ३:१६-१८; १० :३०; २०:२८; २ को. १३:१४; एफिसी २:१८) ।

३ किनकि खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ (कलस्सी २:९) । यो पनि हेर्नुहोस् : लूका १:३५; यूहन्ना १०:३०; रोमी ९:५; १ तिमोथी ३:१६; १ पत्रुस ३:१८ ।

हामी अस्वीकार गर्दछौं कि त्यहाँ कहिले त्यस्तो समय थियो जब पुत्र परमेश्वर हुनुहुन्थेन। हामी अस्वीकार गर्दछौं कि इतिहासमा पुत्रको देहधारण हुनुभन्दा पहिले येशू ख्रीष्टको मानव शरीर र मानव आत्मा अस्तित्वमा थियो ।

अनुच्छेद ४

हामी स्वीकार गर्दछौं द्विस्वभाविक एकतालाई, येशू ख्रीष्टको दुई स्वभावहरू, कुनै मिश्रण, भ्रम, विभाजन वा विच्छेद बीना उहाँको एक व्यक्तिमा एकीकृत छन् ।[४]

हामी अस्वीकार गर्दछौं कि यी दुई स्वभावहरू बीच भिन्नता छुट्याउनु भनेको तिनीहरूलाई अलग गर्नु हो ।

अनुच्छेद ५

हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्टको देहधारणमा, उहाँको परमेश्वर र मानव स्वभावहरूले आफ्नै गुणहरू कायम राख्दछ। हामी स्वीकार गर्दछौं कि दुबै स्वभावको गुण एकै व्यक्ति येशू ख्रीष्टमा निहित छ ।[५]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको मानव स्वभावमा परमेश्वरीय गुणहरू छन् वा यसले ईश्वरीय स्वभाव बहन गर्न सक्दछ । हामी अस्वीकार गर्दछौं कि परमेश्वरीय स्वभावले परमेश्वरीय गुणहरूलाई मानव स्वभावमा सञ्चार गर्दछ। हामी अस्वीकार गर्दछौं कि पुत्रले देहधारणमा आफ्नो कुनै पनि परमेश्वरीय गुणहरूलाई पन्छाउनुभयो वा त्यागनुभयो ।

४ सिमोन पत्रुसले जवाफ दिए, “तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र ।” येशूले तिनलाई भन्नुभयो, “योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हा” (मत्ती १६:१६-१७) । यो पनि हेर्नुहोस् : लूका १:३५, ४३; यूहन्ना १:१-३; ८:५८; १७:५; प्रेरित २०:२८; रोमी १:३; ९:५; २ को. ८:९; कलस्सी २:९; १ तिमोथी ३:१६; १ पत्रुस ३:१८; प्रकाश १:८, १७; २२:१३) ।

५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो (फिलिप्पी २:५-७) । यो पनि हेर्नुहोस् : मत्ती ९:१०; १६:१६; १९:२८; यूहन्ना १:१; ११:२७, ३५; २०:२८; रोमी १:३-४; ९:५; एफिसी १:२०-२२; कलस्सी १:१६-१७; २:९-१०; १ तिमोथी ३:१६; हिब्रू १:३, ८-९; १ पत्रुस ३:१८; २ पत्रुस १:१) ।

अनुच्छेद ६ हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट परमेश्वरको प्रत्यक्ष स्वरूप हुनुहुन्छ, उहाँ साँचो मानवताको आदर्श हुनुहुन्छ, र हाम्रो उद्धारमा हामी अन्ततः उहाँको स्वरूपमा रूपान्तरण हुनेछौं ।[६]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट वास्तवमै मानव भन्दा कम हुनुहुन्थ्यो, अर्थात उहाँ केवल मानव जस्तै मात्र देखिनुभयो, वा उहाँमा उचित (तार्किक) मानवीय प्राणको कमी थियो । हामी अस्वीकार गर्दछौं कि द्विस्वभाविक एकतामा पुत्रले मानव स्वभावको सट्टा मानव व्यक्तिलाई ग्रहण गर्नुभयो ।

अनुच्छेद ७ हामी स्वीकार गर्दछौं कि वास्तविक मानिसको रूपमा येशू ख्रीष्टले आफ्नो दीनताको स्थितिमा मानव स्वभावको सबै प्राकृतिक सीमाहरू र स्वभाविक निर्बलताहरूलाई धारण गर्नुभयो । हामी स्वीकार गर्दछौं कि उहाँ सबै कुरामा हामीजस्तै बनाइनुभयो तर उहाँ पापरहित हुनुहुन्थ्यो ।[७]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले पाप गर्नुभयो । हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले वास्तवमा कष्ट, परिक्षा वा कठिनाइको अनुभव गर्नुभएन । हामी अस्वीकार गर्दछौं कि पाप वास्तविक मानवतामा अन्तर्निहित छ वा येशू ख्रीष्टको पापरहितता उहाँ वास्तवमै मानव हुनुभएको कुरासँग असंगत छ ।

६ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१५-१६) । यो पनि हेर्नुहोस् : रोमी ८:२९; २ कोरोन्थी ४:४-६; एफिसी ४:२०-२४; हिब्रू १:३-४) ।

७ यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो । किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ (हिब्रू २:१७-१८) । यो पनि हेर्नुहोस् : मीका ५:२; लूका २:५२; रोमी ८:३; गलाती ४:४; फिलिप्पी २:५-८; हिब्रू ४:१५) ।

अनुच्छेद ८ हामी स्वीकार गर्दछौं कि ऐतिहासिक येशू ख्रीष्ट, पवित्र आत्माको शक्तिद्वारा, अलौकिक तरिकाले गर्भधारण हुनुभयो, र कन्य मरियमको कोखबाट जन्मनुभयो। हामी काल्सीडनको विश्वासको सारसँगै स्वीकार गर्दछौं कि उनलाई उचित रूपमा यस अर्थमा पमरेश्वरको आमा (थिओटोकोस) भनिन्छ किनकि जुन बालकलाई उनले जन्म दिईन् उहाँ परमेश्वरको देहधारी पुत्र हुनुहुन्छ, जो पवित्र त्रिएकको दोस्रो व्यक्ति हुनुहुन्छ।[८]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले मरियमबाट परमेश्वरीय स्वभाव प्राप्त गर्नुभयो वा उहाँको पापरहितता उनबाट प्राप्त गर्नुभयो।

अनुच्छेद ९ हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट अन्तिम आदम हुनुहुन्छ जो आफ्नो खटाइएको कार्यमा प्रत्येक बिन्दुमा सफल हुनुभयो जहाँ पहिलो आदम असफल भए, र येशू ख्रीष्ट आफ्ना जनहरूका शिर हुनुहुन्छ, जो ख्रीष्टको शरीर हुन्।[९]

८ छैटौँ महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। तिनी एउटी कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो (लूका १:२६-२७)। यो पनि हेर्नुहोस् : मत्ती १:२३; २:११; लूका १:३१, ३५, ४३; रोमी १:३; गलाती ४:४।

९ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो। व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। आदमदेखि लिएर मोशासम्मका मानिसहरूमाथि मृत्युले राज्य गर्यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेको प्रतिरूप थिए। सित्तैँको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैँको वरदान धेरैका निम्ति प्रशस्त भयो। सित्तैँको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन। किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैँको वरदानले निर्दोषीकरण ल्याउँछ। यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गर्यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैँको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। किनकि जसरी एउटै मानिसको

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले पतित मानव स्वभाव धारण गर्नुभयो वा मूल पाप प्राप्त गर्नुभयो ।

अनुच्छेद १० हामी स्वीकार गर्दछौं येशू ख्रीष्टको सक्रिय र निष्क्रिय आज्ञाकारितालाई, कि आफ्नो सिद्ध जीवनमा उहाँले हाम्रो पक्षमा व्यवस्थाको धार्मिक मागहरू पूर्णरूपमा पूरा गर्नुभयो, र क्रूसमा आफ्नो मृत्युद्वारा हाम्रो पापको दण्ड भोग्नुभयो ।[10]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट कुनै पनि कुरामा परमेश्वरको आज्ञा पालन गर्न वा परमेश्वरको व्यवस्था पूरा गर्न असफल हुनुभयो । हामी अस्वीकार गर्दछौं कि उहाँले नैतिक व्यवस्था रद्द गर्नुभयो ।

अनुच्छेद ११ हामी स्वीकार गर्दछौं कि क्रूसमा येशू ख्रीष्टले आफैंलाई आफ्ना जनहरूको पापको निम्ति एक दण्डात्मक प्रतिस्थापनीय (साटोको) प्रायश्चितको रूपमा अर्पण गर्नुभयो, परमेश्वरको क्रोधलाई साम्य पार्दै र परमेश्वरको न्यायलाई सन्तुष्ट पार्दै, उहाँ पाप, मृत्यु र शैतानमाथि विजयी हुनुभयो ।[11]

अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन् । व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढ़ी मात्रामा बढ्यो, यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गर्यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस् (रोमी ५:१२-२१) । यो पनि हेर्नुहोस् : १ को. १५:२२, ४५-४९; एफिसी २:१४-१६; ५:२३; कलस्सी १:१८) ।

१० किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन् (रोमी ५:१९) । यो पनि हेर्नुहोस् : मत्ती ३:१५; यूहन्ना ८:२९; २ को. ५:२१; फिलिप्पी २:८; हिब्रू ५:८) ।

११ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो (रोमी ३:२५-२६) । यो पनि हेर्नुहोस् : यशैया ५३; रोमी ५:६, ८, १५; ६:१०; ७:४; ८:३४; १४:९, १५; १ को. १५:३; एफिसी ५:२; १ थे. ५:१० ; २ तिमोथी २:११; हिब्रू २:१४, १७; ९:१४-१५; १०:१४; १ पत्रुस २:२४; ४:१८; १ यूहन्ना २:२; ३:८; ४:१०) ।

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको मृत्यु शैतानलाई चढाइँएको छुटकाराको मोल थियो। हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको मृत्यु केवल एक उदाहरण मात्र थियो, केवल शैतानमाथिको एक विजय थियो, वा केवल परमेश्‍वरको नैतिक शासनको एक प्रदर्शन थियो।

अनुच्छेद १२ हामी स्वीकार गर्दछौं दोहोरो अध्यारोपणको सिद्धान्तलाई, कि हाम्रो पाप येशू ख्रीष्टमा अध्यारोपित गरिएको छ र उहाँको धार्मिकता विश्‍वासद्वारा हामीमा अध्यारोपित गरिएको छ।[१२]

हामी अस्वीकार गर्दछौं कि बीना न्याय पापलाई बेवास्ता गरिएको छ। हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको सक्रिय आज्ञाकारिता हामीमा अध्यारोपित गरिएको छैन।

अनुच्छेद १३ हामी स्वीकार गर्दछौं कि तेस्रो दिन येशू ख्रीष्ट मृत्युबाट जीवित भई उठ्नुभयो र धेरै मानिसकहाँ शरीरमा देखा पर्नुभयो।[१३]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट केवल मरेको जस्तो मात्र देखिनुभयो, वा केवल उहाँको आत्मा मात्र जीवित भयो, वा उहाँको पुनरुत्थान केवल उहाँका चेलाहरूको हृदयमा मात्र भयो।

अनुच्छेद १४ हामी स्वीकार गर्दछौं कि आफ्नो महिमामय स्थितिमा येशू ख्रीष्ट पुनरुत्थानको पहिलो फल हुनुहुन्छ, उहाँले पाप र मृत्यु दुवैमाथि विजय हासिल गर्नुभयो, र

१२ किनकि हामी उहाँमा परमेश्‍वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्‍वरले हाम्रा खातिर पाप बनाउनुभयो (२ को. ५:२१)। यो पनि हेर्नुहोस् : मत्ती ५:२०; रोमी ३:२१-२२; ४:११; ५:१८; १ को. १:३०; २ को. ९:९; एफिसी ६:१४; फिलिप्पी १:११; ३:९; हिब्रू १२:२३।

१३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो (१ को. १५:३-५)। यो पनि हेर्नुहोस् : यशैया ५३; मत्ती १६:२१; २६:३२; २८:१-१०; यूहन्ना २१:१४; प्रेरित १:९-११; २:२५, ३२; ३:१५, २६: ४:१०; ५:३०; १०:४०; रोमी ४:२४-२५; ६:९-१०; एफिसी ४:८-१०)।

उहाँसँगको एकतामा हामी पनि पुनरुत्थान हुनेछौं ।[१४]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको महिमित पुनर्जीवित शरीर बगैंचाको चिहानमा राखिएको शरीर भन्दा पूर्ण रूपमा भिन्न शरीर थियो। हामी अस्वीकार गर्दछौं कि हाम्रो पुनरुत्थान हाम्रो शरीरबाट अलग केवल हाम्रो आत्माहरूको पुनरुत्थान हो ।

अनुच्छेद १५ हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट परमेश्वर पिताको दाहिने हाततर्फ आफ्नो स्वर्गीय सिंहासनमा उक्लनुभएको, उहाँले वर्तमानमा समयमा राजाको रूपमा शासन गरिरहनुभएको छ, र उहाँ सार्वजनिकरूपमा सामर्थ्य र महिमाकोसाथ फर्कि आउनुहुनेछ ।[१५]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट आफ्नो पुनरागमनको समयको बारेमा गलत हुनुहुन्थ्यो ।

अनुच्छेद १६ हामी स्वीकार गर्दछौं कि पेन्तिकोसको दिनमा येशू ख्रीष्टले आफ्नो आत्मा खन्याउनुभयो, र वर्तमान समयमा उहाँले सबै कुराहरूमाथि शासन गर्दै हुनुहुन्छ, आफ्ना मानिसहरूका निम्ति मध्यस्थता गर्दै हुनुहुन्छ, र आफ्नो

१४ वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ. . . . "ए मृत्यु, तेरो विजय कहाँ ? ए मृत्यु, तेरो खील कहाँ ?" (१ को. १५:२०, ५५) । रोमी ५:१०; ६:४, ८, ११: १०:९; १ को. १५:२३; २ को. १:९; ४:१०-११; एफिसी २:६; कलस्सी २:१२; २ थे. २:१३; हिब्रू २:९, १४; १ यूहन्ना ३:१४; प्रकाश १४:४; २०:१४ ।

१५ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ ?" उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।" उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो । जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए । तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ" (प्रेरित १:६-११) । यो पनि हेर्नुहोस् : लूका २४:५०५३; प्रेरित १:२२; २:३३-३५; एफिसी ४:८-१०; १ तिमोथी ३:१६ ।

चर्चलाई निर्माण गर्दै हुनुहुन्छ, जसको उहाँ एकमात्र शिर हुनुहुन्छ ।[१६]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले रोमका विशपलाई आफ्नो प्रतिनिधिको रूपमा नियुक्त गर्नुभयो, वा येशू ख्रीष्ट बाहेक कुनै अन्य व्यक्ति चर्चको शिर बन्न सक्दछन् ।

अनुच्छेद १७ हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट सबै मानिसहरूको न्याय गर्नलाई महिमामा फेरि आउनुहुनेछ, र अन्ततः आफ्ना सबै शत्रुहरूलाई परास्त गर्नुहुनेछ, मृत्युलाई नष्ट गर्नुहुनेछ, र नयाँ स्वर्ग र नयाँ पृथ्वी आरम्भ गर्नुहुनेछ, जसमा उहाँले धार्मिकतामा शासन गर्नुहुनेछ ।[१७]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टको अन्तिम पुनरागमन ईस्वी सम्वत् ७० मा भएको थियो, र उहाँको आगमन र त्यसका सम्बन्धित घटनाहरूलाई प्रतीकात्मक रूपमा हेरिनुपर्दछ ।

अनुच्छेद १८ हामी स्वीकार गर्दछौं कि प्रभु येशू ख्रीष्टको नाउँमा विश्वास गर्नेहरूलाई उहाँको अनन्त राज्यमा स्वागत गरिनेछ, तर उहाँमाथि विश्वास नगर्नेहरूले नरकमा अनन्त सचेतन दण्ड भोग्नेछ ।[१८] हामी अस्वीकार गर्दछौं कि प्रत्येक व्यक्ति बचाइनेछन् । हामी अस्वीकार गर्दछौं कि

१६ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो (एफिसी १:२२) । यो पनि हेर्नुहोस् : प्रेरित २:२३; १ को. ११:२-५; एफिसी ४:१५; ५:२३; कलस्सी १:१८ ।

१७ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ (प्रेरित १० :४२) । यो पनि हेर्नुहोस् : यूहन्ना १२:४८; १४:३; प्रेरित ७:७; १७:३१; २ तिमोथी ४:१, ८) ।

१८ मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन् । तब धर्मी जनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् । जसको कान छ, त्यसले सुनोस् (मत्ती १३:४१-४३) । यो पनि हेर्नुहोस् : यशैया २५:६-९; ६५:१७-२५; ६६:२१-२३; दानिएल ७:१३-१४; मत्ती ५:२९-३०; १०:२८; १८:८-९; मर्कूस ९:४२-४९; लूका १:३३; १२:५; यूहन्ना १८:३६; कलस्सी १:१३-१४; २ थे. १:५-१०; २ तिमोथी ४:१, १८; हिब्रू १२:२८; २ पत्रुस १:११; २:४; प्रकाश २०:१५ ।

येशू ख्रीष्टमा विश्वास नगरिकन मर्नेहरू पूर्णरुपमा नष्ट हुनेछन् ।

अनुच्छेद १९ हामी स्वीकार गर्दछौं कि संसारको उत्पत्ति हुनुभन्दा अघिबाटै येशू ख्रीष्टमा चुनिएकाहरू र उहाँमा विश्वासद्वारा एकतामा बाँधिएकाहरू सबैले उहाँसँग र एक-अर्कासँगको सहभागिताको आनन्द लिनेछन् । हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्टमा हामी धर्मीकरण, धर्मसन्तान, पवित्रिकरण र महिमिकरणसमेत प्रत्येक आत्मिक आशिषको आनन्द लिन्छौं ।[१९]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट र उहाँको उद्धारको कार्यलाई अलग गर्न सकिन्छ । हामी अस्वीकार गर्दछौं कि हामी येशू ख्रीष्टबिना येशू ख्रीष्टको उद्धारको कार्यमा सहभागी हुनलाई सक्षम छौं । हामी अस्वीकार गर्दछौं कि हामी उहाँको शरीर, अर्थात् चर्चसँगको एकतामा नआए पनि येशू ख्रीष्टसँगको एकतामा आउन सक्छौं ।

अनुच्छेद २० हामी स्वीकार गर्दछौं, केवल विश्वासद्वारा धर्मी ठहरिने सिद्धान्तलाई, कि हाम्रो व्यक्तिगत योग्यता वा कार्यहरूबिना नै परमेश्वरले हामीलाई, केवल उहाँको अनुग्रहको कार्यद्वारा, केवल येशू ख्रीष्टको व्यक्ति र कार्यमाथिको हाम्रो केवल विश्वासद्वारा धर्मी घोषणा गर्नुहुन्छ । हामी स्वीकार गर्दछौं कि केवल विश्वासद्वारा धर्मी ठहरिने सिद्धान्तलाई इन्कार गर्नु भनेको सुसमाचारलाई इन्कार गर्नु हो ।[२०]

१९ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो (१ को. १२:१३) । यो पनि हेर्नुहोस् : यूहन्ना १४:२०; १५:४-६; रोमी ६:१-११; ८:१-२; १२:३-५; १ को. १:३०-३१; ६:१५-२० ; १०:१६-१७; १२:२७; २ को. ५:१७-२१; गलाती ३:२५-२९; एफिसी १:३-१०, २२-२३; २:१-६; ३:६; ४:१५-१६; ५:२३, ३०; कलस्सी १:१८; २:१८-१९ ।

२० यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ (रोमी ५:१) । यो पनि हेर्नुहोस् : लूका १८:१४; रोमी ३:२४; ४:५; ५:१०; ८:३०; १०:४, १०;

हामी अस्वीकार गर्दछौं कि हामी भित्र अनुग्रहको कुनै प्रवाहको आधारमा हामी धर्मी ठहरिन्छौं। हामी अस्वीकार गर्दछौं कि हामी अन्तर्निहित रूपमा धर्मी भएपछि मात्र हामी धर्मी ठहरिन्छौं। हामी अस्वीकार गर्दछौं कि धर्मिकरण अहिले वा सदा हाम्रो विश्वासनीयताको आधारमा हुनेछ।

**अनुच्छेद २१**

हामी स्वीकार गर्दछौं पवित्रिकरणको सिद्धान्तलाई, कि परमेश्वरले, येशू ख्रीष्टको कार्यको आधारमा, पवित्र आत्माको शक्तिले, हामीलाई पापको शासन गर्ने शक्तिबाट, छुटकारा दिनुहुन्छ, हामीलाई अलग पार्नुहुन्छ, र बढ्दोरूपमा हामीलाई आफ्नो पुत्रको स्वरूप अनुरूप बनाएर पवित्र बनाउनुहुन्छ। हामी स्वीकार गर्दछौं कि पवित्रिकरण भनेको परमेश्वरको अनुग्रहको कार्य हो, र अविभाज्यरूपमा धर्मिकरणसँग जोडिएको छ, यद्यपि यो धर्मिकरणभन्दा फरक छ। हामी स्वीकार गर्दछौं कि पवित्रिकरणको ईश्वरीय कार्यमा हामी केवल निस्क्रिय छैनौं, तर पापको लागि मर्न र प्रभुको आज्ञाकरितामा जिउनको लागि हाम्रो निरन्तर प्रयासमा नियुक्त गरिएको अनुग्रहको साधनहरूलाई आफैमा लागु गर्न हामी जिम्मेवार छौं।[२१]

हामी अस्वीकार गर्दछौं कि पवित्रिकरणमा येशू ख्रीष्टसँगको एकताको फल नफलाइकन कुनै व्यक्ति तुरून्तै धर्मी ठहरिन्छ। हामी अस्वीकार गर्दछौं कि हाम्रा असल कार्यहरू, येशू ख्रीष्टमा परमेश्वरको निम्ति ग्रहणयोग्य भए तापनि, यसैले धर्मिकरण कमाउन सक्दछ। हामी अस्वीकार गर्दछौं कि यस जीवनमा

१ को. ६:११; २ को. ५:१९, २१; गलाती २:१६-१७; ३:११, २४; ५:४; एफिसी १:७; तितस ३:५, ७।

२१ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो (एफिसी १:३-४)। यो पनि हेर्नुहोस् : यूहन्ना १७:१७; प्रेरित २०:३२; रोमी ६:५-६, १४; ८:१३; १ को. ६:११; २ को. ७:१; गलाती ५:२४; एफिसी ३:१६-१९; ४:२३-२४; फिलिप्पी ३:१०; कलस्सी १:१०-११; २ थे. २:१३; हिब्रू १२:१४।

हामीभित्र वास गर्ने पापसँगको सङ्घर्षको अन्त्य हुनेछ, यद्यपि पापको हामीमाथि कुनै प्रभुत्व छैन ।

अनुच्छेद २२ हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट परमेश्वर र उहाँका जनहरू बीच एक मात्र मध्यस्थ हुनुहुन्छ । उहाँको दीनता र महिमाको दुवै स्थितिमा, हामी येशू ख्रीष्टको अगमवक्ता, पूजाहारी, र राजाको रूपमा मध्यस्थताको भूमिकालाई स्वीकार गर्दछौं । हामी स्वीकार गर्दछौं कि मध्यस्थताको कार्यभार कार्यान्वयन गर्न उहाँ पवित्र आत्माद्वारा अभिषिक्त हुनुभएको थियो जसको लागि उहाँ पिताद्वारा बोलाइनुभएको थियो ।[२२]

हामी अस्वीकार गर्दछौं कि परमेश्वरको कुनै अन्य देहधारणहरू भएको थियो, वा हुनेछन् वा प्रभु येशू ख्रीष्टबाहेक उद्धारको निम्ति अन्य कुनै मध्यस्थ छन् वा हुनेछन् । केवल येशू ख्रीष्ट बाहेक मुक्ति पाउने कुरालाई हामी इन्कार गर्दछौं ।

अनुच्छेद २३ हामी स्वीकार गर्दछौं कि परमेश्वरको सर्वश्रेष्ठ अगमवक्ताको रूपमा, येशू ख्रीष्ट भविष्यवाणीको कर्ता र कर्म (उहाँको बारेमा) दुवै हुनुहुन्थ्यो । हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्टले परमेश्वरको इच्छा प्रकट र घोषणा गर्नुभयो, भविष्यका घटनाहरूको बारेमा अगमवाणी गर्नुभयो, र उहाँ आफैमा परमेश्वरका प्रतिज्ञाहरूको पूर्ति हुनुहुन्छ ।[२३]

२२ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ– मानिस, ख्रीष्ट येशू (१ तिमोथी २:५) । यो पनि हेर्नुहोस् : अय्यूब ३३:२३-२८; लूका १:३३; यूहन्ना १:१-१४; १४:६; प्रेरित ३:२२; कलस्सी १:१५; हिब्रू १:१-४; ५:५-६; ९:१५; १२:२४ ।

२३ अब भाइ हो, मलाई थाहा छ, कि तपाईंहरूले अजानमा त्यसो गर्नुभयो, र तपाईंका शासकहरूले पनि त्यसै गरे । उहाँका ख्रीष्टले दुःख भोग्नुपर्छ भनी परमेश्वरले सबै अगमवक्ताका मुखबाट भन्नुभएको अगमवाणी उहाँले यसरी पूरा गर्नुभयो । यसकारण पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्, र उहाँले तपाईंहरूका निम्ति अघिबाटै नियुक्त गर्नुभएको ख्रीष्ट, अर्थात् येशूलाई पठाइदिनुहुन्छ । परमेश्वरले प्राचीन कालदेखि आफ्ना पवित्र अगमवक्ताहरूका मुखबाट बोल्नुभएका सबै थोकको पुनर्स्थापना हुने समय नआउञ्जेल ख्रीष्ट स्वर्गमा अवश्य रहनुप छ। मोशाले भनेका थिए, 'परमप्रभु परमेश्वरले मलाई

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्टले कहिल्यै झूटा अगमवाणी वा झूटा वचन बोल्नुभयो, वा आफ्नै विषयमा कहेका सबै भविष्यवाणीहरू पूरा गर्न बिफल हुनुभयो वा बिफल हुनुहुनेछ।

अनुच्छेद २४ हामी स्वीकार गर्दछौं कि मल्कीसेदेकको दर्जाअनुसार येशू ख्रीष्ट हाम्रो महान प्रधान पूजाहारी हुनुहुन्छ, जसले हाम्रो साटोमा आफैंलाई सिद्ध बलिको रूपमा अर्पण गर्नुभयो र जो पिताको सामु हाम्रो निम्ति निरन्तर अन्तर्विन्ती गर्नुहुन्छ। हामी स्वीकार गर्दछौं कि येशू ख्रीष्ट सर्वश्रेष्ठ प्रायश्चितको बलिदान चढाउँने र बलि दुवै हुनुहुन्छ।[२४]

हामी अस्वीकार गर्दछौं कि येशू ख्रीष्ट लेवीको कुलबाट नभई यहूदाको कुलबाट आउनुभएको कारण उहाँ हाम्रो पूजाहारीको रूपमा सेवा गर्न अयोग्य हुनुहुन्छ। हामी अस्वीकार गर्दछौं कि उहाँ निरन्तर आफूलाई बलि र पूजाहारी भएर मासमा (रोमन क्याथोलिकको प्रभुभोजको सिद्धान्त) बलिको रूपमा रगत बीनाको रीतिमा अर्पण गर्नुहुन्छ। हामी अस्वीकार गर्दछौं कि उहाँ केवल स्वर्गमा मात्र पूजाहारी बन्नुभयो र

खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरूले सुन्नुपर्छ (प्रेरित ३:१७-२२)। यो पनि हेर्नुहोस् : मत्ती २०:१७; २४:३; २६:३१, ३४, ६४; मर्कूस १:१४-१५; लूका ४:१८-१९, २१; यूहन्ना १३:३६; २१:२२; १ को. १:२०; हिब्रू १:२; प्रकाश १९:१०।

२४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति (हिब्रू ९:२४-२८)। यो पनि हेर्नुहोस् : यूहन्ना १:३६; १९:२९-३०; प्रेरित ८:३२; १ को. ५:७; हिब्रू २:१७-१९; ४:१४-१६; ७:२५; १०:१२, २६; १ पत्रुस १:१९; प्रकाश ५:६, ८, १२-१३; ६:१, १६; ७:९-१०, १४, १७; ८:१; १२:११; १३:८; १५:३।

पृथ्वीमा पूजाहारी हुनुहुन्नथ्यो ।

अनुच्छेद २५ हामी स्वीकार गर्दछौं कि राजाको रूपमा, येशू खीष्टले सबै लौकिक र अलौकिक शक्तिहरूमाथि अहिलेदेखि लिएर सदासर्वदा सर्वोच्च रूपमा शासन गर्नुहुन्छ ।[२५]

हामी अस्वीकार गर्दछौं कि येशू खीष्टको राज्य केवल यस संसारको एक राजनैतिक राज्य हो । हामी अस्वीकार गर्दछौं कि पृथ्वीका शासकहरू उहाँप्रति जवाफदेही छैनन् ।

अनुच्छेद २६ हामी स्वीकार गर्दछौं कि जब येशूले आफ्नो सबै शत्रुहरूमाथि विजय हासिल गर्नुहुन्छ, तब उहाँले आफ्नो राज्य पितालाई सुम्पनुहुनेछ । हामी स्वीकार गर्दछौं कि नयाँ स्वर्ग र नयाँ पृथ्वीमा, परमेश्वर आफ्नो जनहरूसँग हुनुहुनेछ, र विश्वासीहरूले येशूलाई आमने-सामने देख्नेछन्, उहाँ जस्तै बनाइनेछन्, र सदा उहाँमा आनन्दित हुनेछन् ।[२६]

हामी अस्वीकार गर्दछौं कि मानिसजातिको लागि येशू खीष्टबाहेक अरू कुनै आशा, नाउँ वा बाटो छन् जसद्वारा उद्धार प्राप्त गर्न सकिन्छ ।

२५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ (१ को. १५:२५) । यो पनि हेर्नुहोस् : भजनसंग्रह ११०; मत्ती २८:१८-२०; लूका १:३२; २:११; प्रेरित २:२५, २९, ३४; ४:२५; १३:२२, ३४, ३६; १५:१६; रोमी १:३; २ तिमोथी २:८; हिब्रू ४:७; प्रकाश ३:७; ५:५; २२:१६ ।

२६ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ । किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ । सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो । "किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ ।" तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा खीष्टको अधीनमा राखिदिनुभएको हो । जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन् (१ को. १५:२४-२१) । यो पनि हेर्नुहोस् : यशैया ६५:१७; ६६:२२; फलिप्पी २:९-११; २ पत्रुस ३:१३; १ यूहन्ना ३:२-३; प्रकाश २१:१-५; २२:१-५ ।

# व्याख्यात्मक लेख

प्रयोगको लागि

सुझावहरू

सहित

एक दिन सम्पूर्ण पृथ्वी एउटै स्वीकारको साथमा गुन्जनेछ : "येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ" (फिलिप्पी २:११)। यो छोटो वाक्य अर्थसहित अतिप्रवाह हुँदछ । येशू नै ख्रीष्ट हुनुहुन्छ भन्नुको अर्थ उहाँ नै "अभिषिक्त जन" हुनुहुन्छ। उहाँ प्रतिज्ञा गरिएको र लामो समयदेखि प्रतिक्षा गरिएको मसीह हुनुहुन्छ।

येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भन्नुको अर्थ उहाँ साँच्चिकै परमेश्वर हुनुहुन्छ। देहधारण आश्चर्यकर्मको पनि आश्चर्यकर्म हो, एक आश्चर्यजनक रहस्य हो । परमेश्वर देहधारी हुनुभयो । उहाँलाई येशू मात्र भन्नु भनेको पनि उहाँ एक मात्र मुक्तिदाता हुनुहुन्छ भनेर भन्नु हो । उहाँ आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउने मिशन लिएर यस संसारमा आउनुभयो (मत्ती १:२१) ।

"येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ" एउटा विश्वासको सार हो, र यो एउटा संक्षिप्त विश्वासको अभिव्यक्ति हो । अंग्रेजी शब्द 'क्रीड' ल्याटिन शब्द क्रेडोबाट आएको हो, जसको अर्थ हुन्छ "म विश्वास गर्दछु ।" यस छोटो विश्वासको सारले हामी ख्रीष्टको बारेमा के विश्वास गर्छौं भनेर घोषणा गर्दछ । कति मानिसले सोच्दछन् कि १ तिमोथी ३:१६ पनि एउटा विश्वासको सार हुन सक्छ । दुई कारणहरूले योतर्फ इशारा गर्दछ। पहिलो, पावलले यो अभिव्यक्ति प्रयोग गर्दछन्, "हामी स्वीकार गर्दछौं ।" दोस्रो, यस पदका वाक्यांशहरू लयबद्ध र काव्यात्मक शैलीमा व्यक्त गरिएका छन् । यी वाक्यांशहरूले देहधारी ख्रीष्ट सम्बन्धी संक्षिप्त सार प्रस्तुत गर्दछन् :

उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो,
पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो,
स्वर्गदूतहरूबाट देखिनुभयो,
जाति-जातिहरूका माझमा प्रचारिनुभयो,
संसारमा विश्वास गरिनुभयो,
महिमामा माथि उचालिनुभयो । (१ तिमोथी ३:१६)

बाइबलीय नमुना महत्त्वपूर्ण हुन्छ । जब प्रारम्भिक चर्चले परिषदहरू गठन गर्यो र विश्वासको सारहरू उत्पादन गर्यो, उनीहरूले विश्वासलाई स्वीकार गर्ने नयाँ पद्धति सिर्जना गरिरहेका थिएनन् । उनीहरूले बाइबलीय रूपमा स्थापित परम्परालाई निरन्तरता दिइरहेका थिए ।

जसै चुनौतीहरू आउन थाल्यो, प्रारम्भिक चर्चले एउटा अडान लियो । यसबाहेक, धेरैले सोच्दछन् कि आराधना सम्बन्धी आवश्यकता, वा शुद्ध आराधनाको चाहनाले पनि चर्चलाई विश्वासको सार लेख्ने कुरामा संलग्न हुन प्रेरित गर्यो । यो विशेषगरी खीष्टको सिद्धान्तको सन्दर्भमा सत्य छ । शताब्दीयौंदेखि येशूको व्यक्ति र कार्यको अत्यावश्यक सत्यता खीष्टियानमतको निर्णायक विशेषता बनेको छ ।

नयाँ करारमा लेखकहरू आफैंले खीष्टको पहिचान र कामको बारेमा झूटो विचारहरूको सामना गरे । चर्चको सुरुका शताब्दीहरूमा, विभिन्न समूहहरूले खीष्टको साँचो मानवतालाई चुनौती दिए । एक समूह, प्रतीयमानवादीहरूले येशू केवल मानव "प्रतिमा" मात्र हुनुहुन्छ भनि दाबी गरे । एरिएनवाद जस्ता अन्य झूटा शिक्षाहरूले खीष्टको साँचो परमेश्वरत्वलाई चुनौती दिए । यी झूटा शिक्षाहरूले पुत्र परमेश्वर पिता परमेश्वर भन्दा सानो हुनुहुन्थ्यो भनी दाबी गरे । पछिल्ला समूहहरू खीष्टको साँचो मानवत्व र साँचो परमेश्वरत्व जस्ता दुई स्वभावहरू उहाँको एक व्यक्तिमा कसरी एकीकृत भएका छन् भन्ने अभिव्यक्तिमा त्रुटी गरे । प्रारम्भिक चर्चले ती चुनौति र त्रुटीहरूको प्रत्युत्तरमा परिषदहरू खड़ा गरे र खीष्टियान विश्वासको केन्द्रीय सत्यता सम्बन्धी बाइबलको शिक्षालाई सारांशित गर्ने विश्वासका सारहरू लेखे । यी विश्वासका सारहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरिएको एक मूल्यवान सम्पति हुन् । त्यसकारण, आज हामीसँग प्रेरितहरूको विश्वासको सार, नाइसीन विश्वासको सार, र काल्सीडोनी परिभाषाको स्रोतहरू छन् । यी विश्वासका सारहरू सीमा रेखाहरू हुन्, जसले धर्मशास्त्र सम्मत शिक्षा र झूटो शिक्षा बीच स्पष्ट रेखा कोर्दछ ।

यी विश्वासका सारहरूले चर्चलाई सुदृढ पार्ने काम गरेका छन्, र परमेश्वरको अनुग्रही र शासनाधिकार भएको हातद्वारा, खीष्टियानहरूलाई विश्वासयोग्यपूर्वक सुसमाचार प्रचार गर्न निर्देशन दिएका छन् । आज तिनीहरूको स्थायी मूल्यको गवाहीको रूपमा तिनीहरूलाई दोहोर्याइने गरिन्छ । तिनीहरूले हामीलाई खीष्ट हाम्रो ईश्वरशास्त्रको केन्द्र र हाम्रो आराधनाको केन्द्र हुनुहुन्छ भनि स्मरण गराउछ । यी विश्वासका सारहरूले चर्चलाई "सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर्न" आव्हान गर्दछ (यहूदा १:३) ।

तथापि, यी विश्वासका सारहरूले केवल खीष्टको कार्यलाई सङ्केत गर्दछन् । तिनीहरूले सुसमाचारलाई पूर्ण रूपमा व्याख्या गर्दैनन् । सुधारवादको समयमा दृश्यमान चर्चमा एक साँचो विभाजन आयो । खीष्टको कार्य एक मुख्य विषय थियो । अझ विशेषरूपमा, केवल विश्वासद्वारा मात्र धर्मी ठहरिने

सिद्धान्तसम्बन्धी बहस केन्द्रीय विवाद थियो, जसले सुधारवादलाई जन्म दियो । यहाँ चर्च प्रोटेस्टेन्टवाद र रोमन क्याथोलिकवाद गरी दुई अलग-अलग समुहमा विभाजित भयो । प्रोटेस्टेन्टवादले केवल विश्वासद्वारा (सोला फिडे) मात्र धर्मी ठहरिने सिद्धान्तलाई स्वीकार गरे, जबकि ट्रेन्टको परिषदको आदेश पलना गर्ने रोमन क्याथोलिकवादले केवल विश्वासद्वारा मात्र धर्मी ठहरिने सिद्धान्तलाई अस्वीकार गरे, र यसको विपरित तिनीहरूले धर्मिकरणलाई विश्वास र कामको सहकार्यको परिणामको रूपमा हेरे । सुधारवादले अर्को विषयमा पनि एउटा मनभेद प्रकट गर्‍यो, अर्थात्, येशू ख्रीष्टको आफ्नो चर्चमाथि र वास्तवमा, सबै कुरा माथिको सर्वोच्च र एकमात्र शिरत्व ।

समग्रतामा, प्रारम्भिक चर्चको विश्वव्यापी विश्वासको सार र सुधारवादको यी जोडहरूले बाइबलीय रूपमा विश्वासयोग्य सुसमाचार प्रचार गर्न चर्चका लागि मार्गनिर्देशनहरू तयार गर्‍यो । विश्वासका सारहरू र विभिन्न सुधारवाद स्वीकारोक्तिहरू र प्रश्नोत्तहरूले विश्वासको सारांश प्रदान गर्दछ, र विश्वास र सुसमाचारमा स्पष्टता ल्याउँदछ ।

वचन देहधारी हुनुभयो : ख्रीष्टशास्त्र सम्बन्धी लिगोनियरको बयानले यस पुस्ताको चर्चलाई–र परमेश्वरको आशिषले आउँदो पुस्ताका चर्चलाई– नम्रतासात ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्ने कोशिस गर्दछ, जुन विगतका विश्वव्यापी विश्वासको सारहरू र सुधारवाद ईश्वरशास्त्र दुवैमा आधारित छन् । सायद, यो बयान र यसका साथसाथै छब्बीसवटा स्वीकार र अस्वीकारका अनुच्छेदहरूले, ख्रीष्टशास्त्र सम्बन्धी यी महत्त्वपूर्ण विषयहरूमा थप छलफल र चिन्तनको लागि उत्प्रेरकको रूपमा काम गर्नेछ । सायद यो बयान आफै पनि चर्चको लागि उपयोगी हुन सक्छ । यस बयानलाई सार्वजनिक वाचनका लागि उपयुक्त बनाउन हर प्रयास गरिएको छ । हामी चाहन्छौं कि यस बयानलाई पाठ गर्ने प्रत्येक व्यक्तिले “येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ” भनी जानेको होस् ।

## बयान

यस बयानमा छवटा छन्द वा भागहरू छन् । पहिलो, दुई मुख्य क्रियाकासाथ एक भूमिकाको रूपमा काम गर्दछ : स्वीकार गर्नु र आनन्द गर्नु । परमेश्वरले आफैलाई र उहाँको इच्छा दुवैलाई पवित्र धर्मशास्त्रको पानाहरूमा प्रकट गर्नुभएको छ । तथापि, अझै त्यहाँ “प्रकट नभएका कुराहरू” छन् जुन हाम्रा परमेश्वरका हुन् (व्यवस्था २९:२९) । ईश्वरशास्त्रको कार्यमा आफ्नो सीमितताहरू बारेमा हामी

सधैं सजग हुनैपर्छ । त्यसैले हामी सुसमाचारको रहस्य र आश्‍चर्यलाई स्वीकार गर्दै सुरु गर्दछौं । यस बयानको मुख्य केन्द्रबिन्दु देहधारण हो, जसलाई हामी परमेश्‍वर देहधारी हुनुभयो भन्ने शब्दहरूमा संक्षिप्त रूपमा परिभाषित गर्दछौं । खीष्टको व्यक्तिले तुरून्तै खीष्टको कार्यतिर डोर्याउँछ, त्यसैले हामी सामूहिक रूपमा खीष्टको उद्धारको कार्यमा आनन्द गर्दछौं ।

दोस्रो छन्दले खीष्टलाई त्रिएक परमेश्‍वरको व्यक्तिहरूकोसाथ समान रूपमा हेर्दै खीष्टको साँचो परमेश्‍वरत्वलाई जोर दिन्छ । काल्सीडनको परिभाषाबाट काल्सीडनी सूत्रलाई पुनः बयान गर्दै यस छन्दको अन्त हुन्छ । देहधारणको समयदेखि नै, खीष्ट एक व्यक्तिमा दुई स्वभाव हुनुहुन्छ, र सदा हुनुहुनेछ ।

खीष्टको साँचो मानवतालाई जोर दिदै देहधारणको व्याख्याले तेस्रो छन्द भरिएको छ । उहाँ जन्मनुभएको थियो । उहाँ इम्मानुएल हुनुहुन्छ, जसको अर्थ हो, "परमेश्‍वर हामीहरूसँग" (मत्ती १:२३) । यहाँ हामी उहाँको मृत्यु, दफन, पुनरुत्थान, स्वर्गारोहण, र दोस्रो आगमनलाई स्वीकार गर्दछौं । यी देहधारणको ऐतिहासिक तथ्यहरू हुन् ।

सुधारवादको समयबाट पुनः प्राप्त गरिएका अन्तर्दृष्टिहरूमा आधारित देहधारणको ईश्‍वरशास्त्रीय तथ्यहरू चौथो भागमा पाईन्छ । हाम्रोलागि, येशू सिद्धरूपमा आज्ञाकारी हुनुहुन्थ्यो । उहाँले व्यवस्था पालना गर्नुभयो (सक्रिय आज्ञाकारिता) र व्यवस्थाको दण्डको मूल्य तिर्नुभयो (निष्क्रिय आज्ञाकारिता) । उहाँ निष्कलङ्क पाठो (थुमा) हुनुहुन्थ्यो, जसले हाम्रो लागि प्रतिस्थापनीय प्रायश्‍चित गर्नुभयो । उहाँले सबै मानवजातिले सामना गर्ने सबैभन्दा जटिल समस्या समाधान गर्नुभयो : पवित्र परमेश्‍वरको क्रोध । यो छन्द अध्यारोपणको सिद्धान्तको घोषणासाथ अन्त हुन्छ । हाम्रा पापहरू खीष्टमा अध्यारोपित भयो, वा खीष्टको गनियो, जबकि उहाँको धार्मिकता हामीमा अध्यारोपित गरियो । खीष्टले हाम्रो लागि जे गर्नुभयो केवल त्यसको आधारमा मात्र हामी परमेश्‍वरसँग पूर्णरूपमा शान्तिमा छौं । हामीलाई उहाँको धार्मिकता पहिराइएको छ ।

खीष्टको त्रिविध पदहरू (मुनुस ट्रिप्लेक्स) एक सहयोगी ईश्‍वरशास्त्रीय रचना हो जसले खीष्टको कार्यलाई संक्षिप्त रूपमा व्यक्त गर्दछ । अगमवक्ता, पूजाहारी र राजाको तीन पदहरू पुरानो करारमा मध्यस्थता सम्बन्धी अलग-अलग भूमिकाहरू थिए । येशूले आफ्नो एकल व्यक्तिमा ती सबैलाई सम्मिलित गर्नुहुन्छ, र ती सबैलाई सिद्धरूपमा अभ्यास गर्नुहुन्छ । यहाँ हामी केवल विगतमा क्रूसमा सम्पन्न भएको खीष्टको मध्यस्थताको कार्यमा मात्र होइन, तर हाम्रो

मध्यस्थकर्ताको रूपमा जारी पिताको दाहिने हाततर्फको उहाँको वर्तमान कार्यमा पनि चिन्तन-मनन गर्दछौं ।

अन्तिम छन्दले एकल र संक्षिप्त स्वीकारलाई पुष्टि गर्दछः येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ । सबै साँचो ईश्वरशास्त्रले स्तुतिगान, वा आराधनातर्फ डोर्याउँछ । परिणामस्वरूप, मुख्य क्रिया 'प्रशंसा गर' सँगै बयानको अन्त हुन्छ । अहिले ख्रीष्टको आराधना गरेर हामी आफ्नो अनन्तकालको कामको लागि तयारी गर्दैछौं ।

स्वीकार र अस्वीकारका छब्बीसवटा अनुच्छेदहरू

यस बयानका वाक्यांशहरू ख्रीष्टशास्त्र सम्बन्धी अध्ययनको मूल प्रवेशद्वार हुन्, जसले ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी प्रशस्त बाइबलीय शिक्षाको खोजी गर्न आमन्त्रित गर्दछ । हामीलाई थप मार्गनिर्देशन गर्न, स्वीकार र अस्वीकारका छब्बीसवटा अनुच्छेदहरू बाइबलीय प्रमाणहरूसहित थपिएका छन । समर्थन गर्ने अन्य पदहरूको साथमा एउटा मुख्य पदलाई प्रत्येक अनुच्छेदको लागि पूर्ण रूपमा लेखिएको छ । यी अनुच्छेदहरू महत्त्वपूर्ण छन् । तिनीहरूले ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी बाइबलीय शिक्षाको सिमाना निर्धारित गर्दछन् ।

अनुच्छेद १ ले देहधारणलाई पुष्टि गर्दै प्रास्तावनाको रूपमा काम गर्दछ ।

अनुच्छेद २ ले ख्रीष्टको साँचो परमेश्वरत्वलाई जोर दिन्छ, जबकि अनुच्छेद ३-५ ले बाइबलको एक व्यक्ति, दुई-स्वभाव ख्रीष्टशास्त्रलाई प्रस्तुत गर्दछ । अनुच्छेदहरू ६-९ ले ख्रीष्टको साँचो मानवतालाई प्रकट गर्दछ । अनुच्छेदहरू १०-२६ ख्रीष्टको व्यक्तिबाट ख्रीष्टको कार्यतर्फ फर्किन्छ । यिनीहरू मुक्तिको सिद्धान्तलाई पुष्टि गर्दै सुरु हुन्छन् र ख्रीष्टको त्रिविध पदलाई वर्णन गर्दै अन्त हुन्छन् ।

अस्वीकारहरू अत्यन्त महत्त्वपूर्ण छन् । हाम्रो सहनशीलताको युगमा कुनै विश्वासलाई अस्वीकार गर्ने साहस गर्नु अत्यन्त अप्रचलित छ, तर स्वीकार र अस्वीकारका यी अनुच्छेदहरू अहङ्कारपूर्ण दुःसाहस होइनन् । बरु, तिनीहरू चर्चलाई बाइबलीय शिक्षाको सुरक्षित र सम्पन्न सीमित सीमाहरूभित्र रहन सहयोग गर्ने आशाकासाथ प्रस्तुत गरिएकाछन् । दोस्रो यूहन्ना ९ ले घोषणा गर्दछ, "ख्रीष्टको सिद्धान्तमा स्थिर नबसेर त्यसको सीमादेखि बाहिर जाने मानिससँग परमेश्वर हुनुहुन्न ।" यसले ख्रीष्टको बाइबलीय शिक्षा भन्दा अगाडि जाने कुरालाई, वा परमेश्वरको वचनमा प्रकट गरिएको ख्रीष्टशास्त्रको निर्धारित सीमाहरू भन्दा टाढा जाने कुरालाई जनाउँदछ । जसै छब्बीस अनुच्छेदहरू बयानको विभिन्न छन्दहरूमा विस्तार हुँदछ, तब यी अनुच्छेदहरू आफैले ख्रीष्ट सम्बन्धी गहन बाइबलीय शिक्षातर्फ डोर्याउन सक्दछ ।

कसैले नयाँ बयान किन आवश्यक छ भनेर उचित रूपमा सोध्न सक्छन् । त्यो एउटा राम्रो प्रश्न हो । त्यसको लागि, हामी यस बयानको लागि तीन कारणहरू प्रस्तुत गर्दछौं । हामीलाई विश्वास छ कि यसले पुरानो र वर्तमान दुवै चुनौतीहरूलाई सम्बोधन गर्दै आजको चर्चको आराधना र शिक्षामा सेवा पुर्‍याउनेछ । हामी यो पनि विश्वास गर्दछौं कि यसले सुसमाचारको सेवा गर्नेहरूलाई अरूहरूलाई चिन्ने माध्यम प्रदान गर्दछ जो वास्तवमै सेवकाईमा साझेदारहरू हुन् । अन्तमा, हामी महसुस गर्दछौं कि चर्चको लागि चुनौतीपूर्ण समयहरू वरिपरि नै छन्, र हामी विश्वास गर्दछौं कि ख्रीष्टशास्त्र सम्बन्धी यस बयानले हामीलाई सुसमाचारको सार–यसको सुन्दरता, यसको आवश्यकता, र यसको जरुरीतालाई याद दिलाउनेछ । यी प्रत्येक कारणलाई विचार गर्नुहोस् :

## आराधना र आत्मिक निर्माणको लागि

लिगोनियर नम्रतापूर्वक चर्चको लागि यो बयान प्रस्तुत गर्दछ । प्रारम्भिक शताब्दीहरूदेखि नै, ख्रीष्टियानहरूले चर्चको आराधनामा विश्वासका सारहरू प्रयोग गरेकाछन्। यस बयानले पनि उही उद्देश्यलाई पूरा गर्नेछ भनि आशा गरिएको छ । बाइबलीय शिक्षणको विशाल क्षेत्रहरू खोज गर्न विश्वासका सारहरू उपयोगी शैक्षिक उपकरणहरू बन्न सक्दछ । यो पनि आशा गरिएको छ कि थप बाइबलीय खोज र चिन्तनको लागि यो बयान र छब्बीस अनुच्छेदहरू एक मार्गदर्शकको रूपमा चर्चमा प्रयोग गर्न सकिनेछ । ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी सिद्धान्तहरू चर्चको पहिचान र स्वास्थ्यको लागि आवश्यक छन् । चर्चको प्रत्येक पुस्ताले ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी पवित्रशास्त्रसम्मत बुझाइलाई अध्ययन र पुष्टि गर्नु आवश्यक छ । हामी विश्वास गर्दछौं कि यो बयान सहयोगी हुनेछ ।

## सुसमाचारमा साधारण कारणको लागि

संसारभरि गैर-साम्प्रदायिक चर्चहरू, संगठनहरू र भभियानहरूको बढ्दो संख्या छ, र धेरै सुसमाचार विस्तारको लागि अघि बढिरहेका छन् । कहिलेकाँहिँ स्वास्थ्य साझेदारीता र सम्बन्धहरू पत्ता लगाउन गाह्रो हुन्छ । सायद यो बयानले ख्रीष्टमा भएका सङ्गी भाइबहिनीहरूको पहिचान गर्न र सुसमाचारको लागि साझा प्रयासहरू सुदृढ बनाउनको निम्ति काम गर्न सक्छ ।

## आजको जस्तो समयको लागि

अक्सफोर्डको विश्वविद्यालय शहरमा शहीदको स्मारक खडा छ, जसले थोमस क्रैनमर, निकोलस रिडली, र हग लैटिमर जस्ता ब्रिटेनका धेरै सुधारवादीहरूले गरेको बलिदानको स्मरण गर्दछ । यसले उनीहरूको बारेमा वर्णन गर्दछ कि उनीहरूले पवित्र सत्यताको साक्षी दिने क्रममा आफ्ना शरीरलाई जलाउन समेत दिए, जुन सत्यता उनीहरूले रोमको चर्चको त्रुटीहरूको विरुद्ध पुष्टि गरे र कायम राखे, र उनीहरूलाई ख्रीष्टमा केवल विश्वास गर्न मात्र दिइएको थिएन तर उहाँको खातिर कष्ट भोग्नु पनि दिइएको थियो भनि आनन्दित भए ।

उनीहरूले येशू ख्रीष्टको सुसमाचारको पवित्र सत्यतालाई विश्वास गरे, पुष्टि गरे र कायम राखे । यी सत्यहरूको गवाही दिदै तिनीहरूले घोषणा गरे, प्रतिरक्षा गरे, र तीनको लागि कष्ट भोगे । शताब्दियौंदेखि धेरै जनहरू ती सुधारवादीहरूसँग सामेल भएका छन् । आधुनिक पश्चिमी संसारमा अधिकांश चर्चले धार्मिक स्वतन्त्रताको आनन्द लिएको छ । त्यो स्वतन्त्रता कहिलेसम्म रहन्छ अनिश्चित छ । यो पुस्ता वा आउँदो पुस्ताहरू सम्भवतः ख्रीष्टमा भएको विश्वासको खातिर कष्ट भोग्न बोलाइनेछ । तयारी नगरी बस्नु मूर्ख कुरा हो, र आउँदो पुस्तालाई बिनातयारी छोड्नु पनि मूर्खता हो ।

वास्तवमा, ख्रीष्टको व्यक्ति र कार्य सम्बन्धी यी सत्यताहरू विश्वास गर्न, पुष्टि गर्न, कायम राख्न, र कष्ट भोग्नको लागि योग्य छन् । ख्रीष्टमा जीवन छ ।

ख्रीष्टको पार्थिव जीवनमा एउटा यस्तो क्षण थियो जब भीडले उहाँ( लाई छोडे, र उहाँ आफ्ना चेलाहरूसँग छोडिनुभयो । उनीहरूले पनि उहाँलाई छोड्दैछन् कि भनि उहाँले उनीहरूलाई सोध्नुभयो । समूहको तर्फबाट पत्रुसले भने : “हे प्रभु, हामी कसकहाँ जाऔं ? तपाईंसित अनन्त जीवनका वचन छन् र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ”(यूहन्ना ६:६८-६९) । केही समय पछि, बाह्रमध्ये एक जनाले उहाँलाई शङ्का गरे । येशूलाई क्रूसमा टाँगेर मारिएको थियो र गाडिएको थियो । उहाँको पुनरुत्थानको साक्षी थियो, तर थोमाले शङ्का गरे । त्यसपछि येशू थोमाकहाँ देखा पर्नुभयो । थोमाले ख्रीष्टको घाउलाई छोए, ती घाउहरू जुन उहाँले हाम्रा पापह( रूका निम्ति भोग्नुभयो । थोमाले स्वीकार गरे, “मेरा प्रभु, र मेरा परमेश्वर !” (यूहन्ना २०:२८) ।

यसरी नै हामी विश्वास गर्दछौं । यसरी नै हामी स्वीकार गर्दछौं ।